लेकवेशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
(भौतिक पूर्वाधार शाखा )

**सूचना प्रकाशन मिति :- २०८०/०५/०७**

## ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, संकलन, विक्री तथा व्यवस्थापन सम्बन्धि सार्वजनिक सूचना

प्रस्तुत विषयमा यस लेकवेशी नगरपालिका सुर्खेतले नगरपालिका भित्र र आसपासमा संचालित भएका पूर्वाधारका संरचना निर्माण, विकास निर्माण कार्यमा ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थको अभाव हुन नदिन सहज आपूर्ति गर्न र ढुङ्गा, गिट्टी, बालुवा जस्ता निर्माण सामाग्री उत्खनन् तथा संकलन कार्य गर्न लेकवेशी नगरपालिकाले प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गराई "ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, (पहिलो संशोधन सहित), २०७७" को परिधिमा रही चिङ्गाडखोला, गमखोला, रातेखोला, खहरेखोलाका विभिन्न स्थानहरुमा ठेक्का बन्दोबस्त गरी उत्खनन् तथा संकलन कार्यका लागि यस नगरपालिकाले चालु आ.व.०८०/०८१ मा ठेक्का आव्हान गर्न गईरहेकोमा उल्लेखित खोला तथा नदी क्षेत्रहरुबाट उत्खनन् कार्य गर्दा कुनै व्यक्तिगत दाबी विरोध भए उत्खनन् स्थलको लालपूर्जा सहित यस कार्यालयमा सूचना प्रकाशित मितिले १५ दिन भित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा यो सार्वजनिक सूचना जारी गरिएको छ। साथै व्यक्तिगतरुपमा उत्खनन् कार्य गर्नुपर्ने भएमा यस कार्यालयबाट तीकिएको परिमाणको राजश्व दाखिला गरेपछि मात्र उत्खनन् कार्य गर्न सकिने व्यहोरा जानकारीका लागि अनुरोध छ।

२०८०/५/६

(पदम लाल लामिछाने)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner